वेबसाइट: www.darmamun.gov.np
इमेल:ito.darmamun@gmail.com

# दार्मा गाउँपालिका
## Darma Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

फारुलाचौर, सल्यान
Farulachaur,Salyan

कर्णाली प्रदेश नेपाल
Karnali Province, Nepal

पत्र संख्या(Letter No):२०८२/०८३
चलानी नम्बर( Ref No):

दार्मा गाउँपालिका गाउँ प्रहरी सहायक निरीक्षक पदको पाठ्यक्रम नेपाल प्रहरी सहायक निरीक्षक(जनपथ) पदको स्वीकृत पाठ्यक्रमलाई आधार मानी तयार गरिएको छ।

### गाउँ प्रहरी सहायक निरीक्षक पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

सेवाः गाउँ प्रहरी                                        पद: गाउँ प्रहरी सहायक निरीक्षक

**परीक्षा योजना (Examination Scheme)**

यस परीक्षा योजनालाई विभिन्न चरण गरी देहाय वमोजिम पाँच चरणमा विभाजन गरीएको छ।

| क्र. सं. | परीक्षा चरण | विवरण | पूर्णाङ्क | उत्तीर्णाङ्क |
|---|---|---|---|---|
| १. | प्रथम चरण (First Phase) | दरखास्त छनौट Application Screening | | |
| | | प्रारम्भिक स्वास्थ्य परीक्षण Initial Medical Check-up (IMCE) | | |
| २. | द्वितीय चरण (Second Phase) | शारीरिक तन्दुरूस्ती मूल्याङ्कन Physical Endurance Evaluation Test (PEET) | | |
| | | विस्तृत स्वास्थ्य परीक्षण Detailed Medical Check-up | | |
| ३. | तृतीय चरण (Third Phase) | सामान्य ज्ञान तथा बौद्धिक परीक्षण General Ability and Reasoning Test (GART) | १०० | ४० |
| | | भाषा निपूर्णता परीक्षण Language Proficiency Test (LPT) | १०० | ४० |
| | | पेशागत अभिवृत्ति परीक्षण Professional Orientation Aptitude Test (POAT) | १०० | ४० |

| | | | | |
|---|---|---|---|---|
| ४. | चतुर्थ चरण (Fourth Phase) | विशेष स्वास्थ्य परीक्षण Special Medical Check-up | | |
| ५. | पाँचौं चरण (Fifth Phase) | सक्षमता परीक्षण Competency Test: Group Discussion | १० | |
| | | अन्तरवार्ता Interview | ४० | |

**१. प्रथम चरण (First Phase)**

१. दरखास्त छनौट (Application Screening)

तोकिएको योग्यता पुरा गरी विधिवत रुपमा दरखास्त पेश गरेका उम्मेद्वारहरुको दरखास्त स्वीकृत गरिन्छ।

**२. प्रारम्भिक स्वास्थ्य परीक्षण Initial Medical Check-up Examination (IMCE)**

प्रहरी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त, २०६९ को अनुसूची-६ मा व्यवस्था भए बमोजिम हुने।

**द्वितीय चरण (Second Phase)**

**३. शारीरिक तन्दुरुस्ती मूल्याङ्कन** परीक्षा Physical Endurance Evaluation Test (PEET)

| ईभेन्ट्स | पुरूष | | महिला | |
|---|---|---|---|---|
| | उत्तीर्ण (PASS) | अनुत्तीर्ण (FAIL) | उत्तीर्ण (PASS) | अनुत्तीर्ण (FAIL) |
| ३०० मि.दौड | ५५ सेकेण्ड सम्म | ५५ सेकेण्ड भन्दा माथि | ६७ सेकेण्ड सम्म | ६७ सेकेण्ड भन्दा माथि |
| हाई जम्प | कम्तिमा ३ फिट | ३ फिट भन्दा कम | कम्तिमा २ फिट | २ फिट भन्दा कम |
| सिट अप | कम्तिमा १२ पटक | १२ पटक भन्दा कम | कम्तिमा ५ पटक | ५ पटक भन्दा कम |
| पुस अप | कम्तिमा १० पटक | १० पटक भन्दा कम | कम्तिमा ४ पटक | ४ पटक भन्दा कम |
| चिन अप /पुलअप | कम्तिमा ३ पटक | ३ पटक भन्दा कम | कम्तिमा ३० सेकेण्ड सम्म झुण्डिन सक्ने | ३० सेकेण्ड सम्म झुण्डिन |
| ३.२ | १८ मिनेट सम्म | १८ मिनेट भन्दा माथि | २१ मिनेट सम्म | २१ मिनेट भन्दा माथि |

| | | | | |
|---|---|---|---|---|
| कि.मी. (२ माईल) दौड | | | नसक्ने | |

नोटः- कुनै पनि ईभेन्ट्मा अनुत्तीर्ण हुने उम्मेदवारलाई सो भन्दा पछि हुने ईभेन्टमा सहभागी गराईने छैन।

**४. विस्तृत स्वास्थ्य परीक्षण (Detailed Medical Check-up)**

प्रहरी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त, २०६९ को अनुसूची-८ मा व्यवस्था भए बमोजिम हुने।

**तृतीय चरण (Third Phase)**

**लिखित परीक्षा (Written Examination)**

लिखित परीक्षा देहाय वमोजिमको परीक्षा योजना अनुसार हुनेछ ।

| परीक्षण क्षेत्र (Test Domain) | पत्र | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या × अंक | समय |
|---|---|---|---|---|---|---|---|
| सामान्य ज्ञान तथा बौद्धिक परीक्षण General Ability and Reasoning Test (GART) | प्रथम | (क) सामान्य ज्ञान (General Knowledge) | १०० | ४० | वस्तुगत (Objective) : बहुवैकल्पिक प्रश्न (MCQs) | २५ प्रश्न २ अंक | ५०मिनेट |
| | | (ख) बौद्धिक परीक्षण (Reasoning Test) | | | | २५ प्रश्न २ अंक | |
| भाषा निपूर्णता परीक्षण Language Proficiency Test (LPT) | द्वितीय | (क) अंग्रेजी भाषा (English Language) | ५० | २० | विषयगत (Subjective) | पाठ्यक्रममा उल्लेख भए अनुसार | २ घण्टा ३० मिनेट |
| | | (ख) नेपाली भाषा (Nepali Language) | ५० | २० | | | |
| पेशागत अभिवृत्ति परीक्षण Professional Orientation Aptitude Test (POAT) | तृतीय | पेशागत सैद्धान्तिक ज्ञान (Professional Knowledge) | १०० | ४० | विषयगत (Subjective) | ११ प्रश्न्न ५ अंक<br>३ प्रश्न १० अंक | २ घण्टा १५ मिनेट |
| | | पेशागत व्यवहारीक परीक्षण (Professional Behavioral Test) | | | विषयगत (Subjective) | ३ प्रश्न ५ अंक | ४५ मिनेट |

द्रष्टव्यः

१. यो पाठ्यक्रमको योजना अनुसार तीन पत्रको लिखित परीक्षा हुनेछ ।

२. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ ।

३. प्रथम, द्वितीय र तृतीय पत्रको लिखित परीक्षा छुट्टाछुट्टै हुनेछ ।

४. यस पाठ्यक्रममा जे सुकै कुरा लेखिएको भए तापनि पाठ्यक्रममा परेका ऐन नियमहरु तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्यक्रममा रहेको सम्झनु पर्छ।

५. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको सही उत्तर दिएमा प्रत्येक सही उत्तर बापत २ (दुई) अंक दिईने छ भने गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २०% अंक कट्टा गरिने छ। तर उत्तर नदिएमा त्यस बापत अंक दिईने छैन र अंक कट्टा पनि गरिने छैन।

६. विषयगत प्रश्नका लागि तोकिएका १० अङ्कका प्रश्नहरुको हकमा १० अङ्कको एउटा लामो प्रश्न वा एउटै प्रश्नका दुई वा दुई भन्दा बढी भाग (Two or more parts of a single question) वा एउटा प्रश्न अन्तर्गत दुई वा बढी टिप्पणीहरु (Short notes) सोध्न सकिने छ।

७. तुतीय पत्रको पाठ्यक्रमलाई २ वटा भागमा विभाजन गरिएको छ। पहिलो भाग (Part I) मा २ वटा खण्ड रहेका छन् र दोस्रो भाग (Part II) मा १ वटा खण्ड रहेको छ। प्रत्येक खण्डको लागि अलग अलग उत्तरपुस्तिका दिईनेछ परीक्षार्थीले प्रत्येक खण्डका प्रश्नहरुको उत्तर सोही खण्डको उत्तरपुस्तिकामा लेख्नु पर्नेछ।

## प्रथम पत्र (Paper I)
## सामान्य ज्ञान तथा बौद्धिक परीक्षण
## General Ability and Reasoning Test (GART)

खण्ड "क" (Section A)

**सामान्य ज्ञान (General Knowledge)**

पूर्णाङ्कः ५०

१. भूगोल

नेपालको भूगोलः अवस्थिती, हावापानी, हिमश्रृंखला, नदीनाला, ताल तलैया, र वनजंगल।

दार्मा गाउँपालिकाको भुगोल र अवस्थिति

२. इतिहास, संस्कृति र सामाजिक अवस्था

नेपालको प्राचीनकाल तथा मध्यकालको राजनीतिक, आर्थिक एवं सामाजिक सांस्कृतिक अवस्था।

आधुनिक नेपालको इतिहासः पृथ्वीनारायण शाह देखि वर्तमान अवस्था सम्मको राजनीतिक, आर्थिक एवं सामाजिक सांस्कृतिक अवस्था।

नेपालका ऐतिहासिक युद्ध तथा सम्झौताहरु।

दार्मा गाउँपालिकाको संक्षिप्त इतिहास, स्थानीय पाठ्यक्रम।

नेपालका प्रचलित धर्म, संस्कृति, जातजाति, भाषा, साहित्य र कला।

दार्म गाउँपालिका भित्रको धर्म, संस्कृती कला र साहित्य।

३. नेपालमा विकासका पूर्वाधारहरुः कृषि, उद्योग, पर्यटन, शिक्षा र स्वास्थ्य।

दार्मा गाउँपालिकामा विकासका पूर्वाधारहरुको अवस्था: कृषि, उद्योग, पर्यटन, शिक्षा र स्वास्थ्य

४. पर्यावरणीय संरक्षण, जलवायु परिवर्तन, जनसांख्यिकी, शहरीकरण, बसोवास, प्रदूषण, तथा राष्ट्रिय सम्पदा, राष्ट्रिय निकुञ्ज तथा आरक्षित क्षेत्रको संरक्षण सम्बन्धी जानकारी।

५. कम्प्युटर, मोवाइल, इमेल-इन्टरनेट, सामाजिक सञ्जाल, ड्रोन, रोवोट जस्ता नविनतम प्रविधिले मानव जिवनमा पारेको प्रभाव।

६. SAARC, BIMSTEC, NATO, INTERPOL सम्बन्धी जानकारी।

७. राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक, खेलकूद, पुरस्कार, कला र साहित्य सम्वन्धी समसामयिक घटना तथा नवीनतम गतिविधिहरुवारे सामान्य जानकारी।

८. नेपालको संविधान (भाग १, २, ३, ४, ५ र अनुसूचीहरु) सम्वन्धी जानकारी।

९. वंश (Gene) र वंशाणु (Genetics) सम्बन्धी सामान्य जानकारी।

१०. प्रहरी संगठन सम्बन्धी समसामयिक जानकारी, प्रहरी सेवाको दर्ज्यानी चिन्ह, पद तथा श्रेणी, ट्राफिक संकेत सम्वन्धी जानकारी।

## खण्ड "ख" वौद्धिक परीक्षण

## Section (B) Reasoning Test

पूर्णाङ्कः ५०

**1. Verbal Reasoning:8 Question x 2 marks =16 Marks**

Series, Analogy, Classification, Coding-Decoding, Matrix, Ranking Order Test, Direction and Distance Sense Test, Logical Reasoning, Assertion and Reason, Statement and Conclusions, Statement and Course of Action, Situational Judgment.

**2.Numerical Reasoning: 5 Question x 2 marks =10 Marks**

Series, Analogy, Classification, Coding-Decoding, Matrix, Common Property, Data Interpretation & Data Verification, Date/Calendar.

**3. Arithmetical Test: 5 Question x 2 marks =10 Marks**

Arithmetical Operations, Percentage, Ratio, Fraction, Decimal, Average, Profit and Loss, Time and Work.

**4.Non-Verbal Reasoning:7 Question x 2 marks =14 Marks**

Figure series, figure analogy, figure classification, figure matrix, pattem completion/finding, figure formation and analysis, rule detection, dot situation, water/mirror image, Venn-diagram,

## द्वितीय पत्र (Paper II) भाषा निपूर्णता परीक्षण
## Language Proficiency Test (LPT)
## खण्ड "क"
## अंग्रेजी भाषा परीक्षण
## (English Language Test)

Full Marks: 50

**1. Comprehension: 5 Question x 2 Marks 10 Marks**

Five questions will be asked based on the passage given and most off the question will be based on fact:

**2. Vocabulary: 10 Question x 1 Marks-10 Marks**

Ten questions will be asked to assess their grasp on the English language vocabulary. The questions will be on following categories:

2.1 Using the word in a sentence retaining the meaning

2.2 Single word for expressions

2.3 Synonyms/antonyms

2.4 Derivatives

2.5 Prefix and suffix use

3. Translation: 1 Question x 5 Marks = 5 Marks

A short Nepali OR English text will be given for translation into English OR Nepali.

4. Conversation or Summarization: 5 Marks

Candidates will be made to complete an incomplete conversation regarding some inquiry about a place, thing, person, event, direction, or activity (Maps or Information will be provided in the paper). Or Candidates will be asked to summarize the given passage.

5. Essay Writing: 5 Marks

A brief (not more than 200 words), but organized essay on some topical issue not necessarily and strictly related with the profession. Prompts will be given as hints to facilitate their essay writing.

6. Short Report (Letter-form): 5 Marks

Candidates will be asked to write a brief report in a letter-form addressing their immediate commanding officer on any incident.

7. Structure Testing: 10 Question x 1Marks-10 Marks

Questions will be asked to assess the sentence making ability of the candidates. The questions will be based on any of the following categories:

7.1 Parts of speech

7.2 Tense

7.3 Clauses

7.4 Sentence formation: questions, statements, tag questions

7.5 Phrasal expressions

7.6 Transformations

7.7 Prepositions/conjunctions

7.8 Articles

## खण्ड "ख" नेपाली भाषा परीक्षण

## (Nepali Language Test)

पूर्णाङ्कः ५०

| | |
|---|---|
| १. नेपाली लेखन | ३० अंक |
| १.१. समसामयिक शीर्षकमा निवन्ध लेखन | ७.५ अंक |
| १.२. निर्धारित विषयका सम्बन्धमा प्रतिवेदन वा निवेदन लेखन | ७.५ अंक |
| १.३. विभिन्न विषयको पत्र-ताकेता पत्र, प्रतिउत्तर पत्र, निमन्त्रणा र विज्ञापन लेखन | ७.५ अंक |
| १.४. समसामयिक विषयमा टिप्पणी लेखन | ७.५ अंक |
| २. नेपाली व्याकरण | ५ प्रश्न*२ अंक=१० |
| २.१. प्रत्यय, उपसर्गको प्रयोग | |
| २.२. वाक्यांश संश्लेषणः सरल वाक्यवाट संयुक्त र मिश्र वाक्य संश्लेषण | |
| २.३. समास | |
| २.४. वाच्य, उक्ति परिवर्तन (प्रत्यक्ष/अप्रत्यक्ष) | |
| २.५. नाम, सर्वनाम, क्रियापद, विशेषण र निपात | |
| २.६. शुद्धाशुद्धी | |
| ३. विविध | ५ प्रश्न*२ अंक=१० |
| ३.१. विभिन्न शव्दहरुको वाक्यमा प्रयोग, वाक्यको मेल | |
| ३.२. उखान टुक्काको अर्थ तथा भाव खुल्ने गरी वाक्यमा प्रयोग | |
| ३.३. अनुच्छेदको संक्षेपीकरण | |
| ३.४. अनुच्छेदको विस्तृतीकरण | |
| ३.५. अनुच्छेदवाट बुँदा टिपोट | |

**तृतीय पत्र (Paper III)**

**पेशागत अभिवृत्ति परीक्षण**

**(Professional Orientation Aptitude Test (POAT))**

Part I

पूर्णाङ्कः १००

पेशागत सैद्धान्तिक ज्ञान (Professional Knowledge)

समय : २ घण्टा १५ मिनेट

खण्ड क (Section A)

**१. दार्मा गाउपालिकाको गाउँ प्रहरी परिचय** **१५ अंक (१ प्रश्न ५ अंक, १ प्रश्न १० अंक)**

१.१. गाउँ प्रहरीको गठन प्रक्रिया

१.२. गाउँ प्रहरीको काम, कर्तव्य र पालना गर्नुपर्ने आचरणहरु

१.३. नेपाल प्रहरीको संगठनात्मक संरचना

१.४. गाउँ प्रहरी सहायक निरीक्षक दर्जाले प्राप्त गर्ने कानूनी अधिकार

१.५.गाउँ प्रहरी प्रमुखको काम-कर्तव्य र अधिकार

**२. सुरक्षा व्यवस्थापन** **१० अंक (२ प्रश्न ५ अंक)**

२.१. सुरक्षाको अवधारणा, महत्व, परम्परागत तथा नवीनतम प्रवृत्तिहरु

२.२. सुरक्षा समितिहरु (केन्द्र, प्रदेश र जिल्ला)

२.३. प्रहरी गस्ती, सुचना संकलन, विश्लेषण, प्रवाह र समन्वय

२.४. भिडः अवधारणा, व्यवहार, भिड नियन्त्रणका उपायहरु

**३. अपराध र अपराध अनुसन्धान** **२० अंक (२ प्रश्न ५ अंक, १ प्रश्न १० अंक)**

३.१. अपराधः परिचय, प्रकार र कारण

३.२. नेपालमा साइबर क्राइम, लागुऔषध, मानव वेचविखन, तस्करी, वाल अपराध लैंगिक तथा घरेलुहिंसाकाविद्यमान अवस्था र चुनौतिहरु

३.३. अपराध अनुसन्धानः परिचय, महत्व र विधिहरु

३.४. घटनास्थल संरक्षण

३.५. जाहेरी दरखास्त

३.६. खानतलासीः परिभाषा, खानतलासी गर्दा ध्यान दिनुपर्ने कुराहरु

३.७. पक्राउ र थुनछेक गर्नुपूर्व अपनाउनुपर्ने विधिहरु

३.८. प्रमाणः परिचय, प्रमाण संकलन गर्दा ध्यान दिनु पर्ने कुराहरु

**खण्ड ख (Section B)**

४. प्रहरी व्यवस्थापन १५ अंक (१ प्रश्न ५ अंक १ प्रश्न १० अंक)

४.१. फाइलिङ तथा अभिलेख व्यवस्थापन

४.२. हात हतियार तथा खरखजनाको सुरक्षा
४.३. सञ्चार तथा यसका प्रकार
४.४. समुदाय र प्रहरी
४.५. समूह कार्य
४.६. नेतृत्व, उत्प्रेरणा र सार्वजनिक सेवा प्रवाह
४.७. मानव अधिकार संरक्षणमा प्रहरीको भूमिका
४.८. संयुक्त राष्ट्रसंघः नेपाल प्रहरीको सहभागिता र भूमिका
४.९. इण्टरपोलः परिचय र इन्टरपोलद्वारा जारी हुने सूचनाहरु

**५. कानुनी व्यवस्था** २५ अंक (५ प्रश्न ५ अंक)

- नेपालको संविधान
- मूलभूत विशेषताहरु, संघीय कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका
- मौलिक हक र कर्तव्य, राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व
- राज्यको संरचना र राज्य शक्तिको बाँडफाँड
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लोक सेवा आयोग, निर्वाचन आयोग, राष्ट्रिय मानव अधिकार आयोग
- राष्ट्रिय सुरक्षा सम्बन्धी व्यवस्था, संकटकालीन अधिकार
- प्रहरी ऐन, २०१२ तथा प्रहरी नियमावली, २०७१
- मुलुकी अपराध (संहिता) ऐन, २०७४ को भाग २, परिच्छेद २, ३, ४ र ५
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को परिच्छेद २
- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ का प्रहरीसंग सम्बन्धित दफाहरु
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- गाउँपालिका गाउँ प्रहरी ऐन(प्रथम संशोधन २०८२ सहित) २०७७

## Part II

## पेशागत व्यवहारीक परीक्षण (Professional Behavioral Test)

१५ अंक

समय : ४५ मिनेट

यस पत्रमा प्रहरीले दैनिक रुपमा गर्नुपर्ने कार्यहरुः अपराध अनुसन्धान, गस्ती, अपराधको सूचना, सवारी दुर्घटना, लैंगिक तथा घरेलु हिंसा, जाहेरी दरखास्त, पक्राउ, थुनछेक, खानतलासी, मुद्दा, भिड नियन्त्रण, उद्धारकार्य लगायतका कार्यहरुसंग आधारित रही दिइएका विषयहरुमा प्रश्न सोधिनेछ।

1. Situational travel time ५ अंक
2. Incident Report writing ५ अंक
3. Simulation/work sample ५ अंक

## चतुर्थ चरण (Fourth Phase)

## विशेष स्वास्थ्य परीक्षण

(Special Medical Check-up)

प्रहरी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त, २०६९ को अनुसूची-९ मा व्यवस्था भए बमोजिम हुने।

## पाँचौं चरण (Fifth Phase)

सक्षमता परीक्षण (Competency Test: Group Discussion) तथा अन्तरवार्ता

| विषय | पुर्णाङ्क | परीक्षा प्रणाली |
|---|---|---|
| सक्षमता परीक्षण (Competency Test: Group Discussion) | १० | मौखिक |
| अन्तरवार्ता (Interview) | ४० | मौखिक |

**पुनश्चः-** पाँचौं चरण अन्तर्गतको सक्षमता परीक्षण (Competency Test: Group Discussion) तथा अन्तरवार्ता परीक्षामा सहभागी हुने उम्मेदवारहरूको लिखित परीक्षा र सक्षमता परीक्षण (Competency Test: Group Discussion) तथा अन्तरवार्ता परीक्षाको प्राप्ताङ्क जोडि कुल प्राप्ताङ्कको आधारमा योग्यताक्रम अनुसार परीक्षाफल प्रकाशित गरिनेछ।

नेपाल

## परिशिष्ट-(क)

**तृतीय पत्र पेशागत अभिवृत्ति परीक्षण (Professional Orientation Aptitude Test) को 'Part II' पेशागत व्यवहारीक परीक्षण (Professional Behavioral Test) को सम्बन्धमा परीक्षार्थीको लागि Guidelines**

१. नेपाल प्रहरीमा प्रहरी अधिकृत/प्रहरी सहायक अधिकृत स्तरको पदमा रही कार्य गर्ने प्रहरी कर्मचारीलाई आवश्यक पर्ने सक्षमताहरु (Competencies) मापन गर्ने उद्देश्यले यो पेशागत व्यवहारिक परीक्षण परीक्षा समावेश गरिएको हो।

२. लिखित परीक्षा योजना अन्तर्गत तृतीय पत्रमा रहेको पेशागत अभिवृत्ति परीक्षण (Professional Orientation Aptitude Test) विषयको 'Part I' मा रहेको पेशागत सैद्धान्तिक ज्ञान (Professional Knowledge) को लिखित परीक्षा समाप्त भए पश्चात 'Part II' मा रहेको पेशागत व्यवहारिक परीक्षण (Professional Behavioral Test) को लागि अंकभार १५ र समयावधी ४५ मिनेटको तोकिएको छ।

२.१. पेशागत अभिवृत्ति परीक्षण को २ घण्टा १५ मिनेटको परीक्षा समाप्ति पश्चात परीक्षार्थीहरुले 'Part I' को उत्तरपुस्तिकाहरु बुझाई यथास्थानमै रहनु पर्नेछ र सोही वखतमा 'Part II' को लागि अलग्गै उत्तरपुस्तिका वितरण हुनेछ र उक्त उत्तरपुस्तिकामा नाम नामेसी विवरण भर्न र सोही उत्तरपुस्तिकामा संलग्न गरिएको निर्देशन अध्ययन गर्न १० मिनेटको समय रहनेछ।

२.२. 'Part II' को पेशागत व्यवहारिक परीक्षण (Professional Behavioral Test) मा सोधिने प्रश्नहरुको उत्तर उत्तरपुस्तिकामा निर्दिष्ट गरिएको स्थानमा मात्र लेख्नुपर्ने हुन्छ।

३. पेशागत व्यवहारिक परीक्षण अन्तर्गत Situational Travel Time, Incident Report Writing Simulation or Work Sample विषयको परीक्षण गरिने छ। जस अन्तर्गत निम्न विषयवस्तुको सम्बन्धमा परीक्षार्थीहरुको सक्षमताहरु (Competencies) परीक्षण गरिने छ।

(क) Situational Travel Time: यस परीक्षणमा समाजको कुनै स्थान विशेष (शहर, गाँउ, टोल) को शान्ति सुव्यवस्था खल्बल्याउने विषयवस्तु, घटना परिघटनाको बढावा हुनसक्ने सम्भावना एवं परिस्थितिको विश्लेषण गरी उक्त क्षेत्रको नाप, नक्सा बाटो (कच्ची, पक्की निर्माणमा अवरोध भएको आदि कम वा धेरै समय लाग्ने) को समेत अध्ययन गरी उक्त स्थानमा पुग्न लाग्ने समय र जाने तरीका (पैदल वा सवारी साधनबाट) को उल्लेख गर्नु पर्नेछ।

(ख) Incident Report Writing: यस परीक्षणमा समाज घट्ने कुनै पनि घटनाको यथार्थ वस्तुस्थितिको सहितको घटना विवरण दिइन्छ । परीक्षार्थीहरुले उक्त विवरण ध्यानपूर्वक अध्ययन गरी सोधिएका प्रश्नहरुको छोटो उत्तर दिनु पर्नेछ।

(7) Simulation or Work Sample: यस परीक्षणमा नेपाल प्रहरीको विभिन्न प्रहरी युनिटहरुमा नियमित र आकस्मिक रुपमा गर्नुपर्ने कार्यहरुको श्रृंखलाहरुलाई वास्तविक जीवन्त परिस्थितिसंग मेलखाने किसिमका कार्यहरुको नमुना, उम्मेदवारको जिम्मेवारी र भुमिका समेत उल्लेख गरी विषयवस्तु उपलब्ध गराईन्छ र उक्त जिम्मेवारीलाई सो व्यक्तिले के कस्तो तर्कका आधारमा किन र कसरी प्राथमिकीकरण गर्दछ भन्ने कुरा क्रमिकरुपमा लेख्नु पर्नेछ।

साथै Simulation or Work Sample मा दिइएको घटना विवरणको विषय वस्तुले इंकित गरेको महत्व (Importance) र जरुरीपन (Urgency) का अधारमा तपाईले समाधान गर्दा घटनाको गाम्भीर्यतालाई ध्यानमा राखि पहिलो सम्पन्न गर्नु पर्ने घटनालाई १, त्यस्तै दोस्रोलाई २, तेस्रोलाई ३, चौथोलाई ४, पाँचौलाई ५ गर्दै क्रमश सो
घटनालाई सम्वोधन गर्न गरिने काम कारवाहीहरु अनिवार्य रुपमा लेख्नु पर्नेछ। साथै दिइएको घटना विवरण अनुसार कार्य सम्पन्न गर्नका लागि गर्नुपर्ने मुख्य कार्य/क्रियाकलापहरु (Key Actions) र उक्त घटना जुन प्राथमिकता क्रम (Priority Order) मा तपाइले राख्नु भएको छ सो प्राथमिकता क्रममा पर्नुको कारण समेतको पुष्ट्याई (Justification) उत्तरपुस्तिकामा तोकिएको स्थानमा मात्र उल्लेख गर्नु पर्नेछ।

४. उत्तर पुस्तिकामा निर्धारित स्थानमा उल्लेख गरिए बाहेक उम्मेदवारले अफ्नो पहिचान खुलाउने कुने प्रकारको चिन्ह वा संकेत लेख्न पाउने छैन। उल्लेख गरिएको पाइएमा परीक्षा रद्ध हुनेछ।

नेपाल प्रहरी

## परिशिष्ट-(ख)

## Competency Test: Group Discussion

Group exercises are a common selection technique used by recruitment agency to assess candidates in recruitment process. Candidates will be assessed in groups of 6-8 and provided with a work place relevant issues/problem or scenario requiring the entire team to work together and solve this issue. Throughout the duration of the test all candidates will be observed, and their behaviors and performance will be noted by the assessors. Assessors will be taking the note of the critical behavior displayed by candidates during the discussion and those behaviors will be matched with the identified competencies taking account of behavioral indicators. The total time for Group Discussion will be maximum 30 minutes for each group.

There are many variations when it comes to group exercises, some may take the form of a role play exercise such as a mock meeting. Similarly, it may involve a problem-solving scenario, requiring candidates to work as a team and solve the issue/identify the solution.

Competency Test: Group Discussion Matrix

| S.N. | Competencies | Competency Test. : Group Discussion |
|---|---|---|
| १. | Integrity | |
| २. | Professional policing | |
| ३. | Public orientation | |
| ४. | Communication | |

| | | |
|---|---|---|
| ५. | Leadership | |
| ६. | Planning and coordinating | |
| ७. | Problem solving | |
| ८. | Result orientation | |

सक्षमता परीक्षण (Competency Test: Group Discussion) सम्बन्धमा "सक्षमता परीक्षण (Competency Test: Group Discussion) परीक्षा संचालन एवं मूल्याङ्कन कार्यविधि-२०७७" बमोजिम हुने ।